# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७१।९।१
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल मंसिर महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।८।४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत , सि.न.पा.
श्री श्रीराम गुप्ता - अध्यक्ष, कर्मचारी एशोसिएसन

***निर्णय नं: १: आयोजनाको लागि ऋण स्विकार गर्ने सम्बन्धमा ।***

नेपाल सरकार र एसियाली बिकास बैंकबीच सम्पन्न ऋण सम्झौता, नगर बिकास कोष, सिद्धार्थनगर नगरपालिका र एशियाली बिकास बैंकबीच भएको आयोजना सम्झौता (Project Agreement) तथा नेपाल सरकार र नगर विकास कोषबीच भएको सहायक ऋण सम्झौता (Subsidiary Loan Agreement)का आधारमा एकीकृत सहरी विकास आयोजना अन्तर्गत यस नगरपालिकामा प्रस्तावित Improvement & Development of Strom Water Drainage & Urban Road Sub-project निर्माण तथा सुधारको लागि निर्माण लागतको ८० प्रतिशत् रकम नेपाल सरकारले अनुदानस्वरुप उपलब्ध गराउने, ५ प्रतिशत् रकम नगरपालिकाले आफ्नो श्रोत एवं आयोजना क्षेत्रका सम्बन्धित


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

उपभोक्ताहरुबाट समेत लागत सहभागिता जुटाई व्यहोर्ने र १५ प्रतिशत् रकम नगर विकास कोषले नगरपालिकालाई ऋणको रुपमा उपलब्ध गराउने व्यवस्था भएबमोजिम,

यस नगरपालिकामा निर्माण एवं संचालन हुने प्रस्तावित Improvement & Development of Strom Water Drainage & Urban Road Sub-project का लागि आयोजनाको विस्तृत अध्ययन गर्न नियुक्त परामर्शदातावाट पेश भएको विस्तृत अध्ययन प्रतिवेदन अनुसारको आयोजनाको कूल अनुमानित लागत रु. ७९,६८,५२,१००।३० (भ्याट समेत) मा निर्माणका लागि बोलपत्र आव्हान गर्दा बोलपत्रदाताले कबोल गरेको अंक रु. ७९,६७,७५,७०१।८८ (भ्याट समेत) (अक्षरेपी उनासी करोड सडसठी लाख पचहत्तर हजार सात सय एक र पैसा अठासी मात्र) को १५ प्रतिशत्ले हुने वरावरको रु. ११,९५,१६,३५५।२८ (अक्षरेपी एघार करोड पन्चानब्बे लाख सोह्र हजार तीन सय पचपन्न र पैसा अठ्ठाईस मात्र) वार्षिक ५ प्रतिशत् व्याजदरमा ५ बर्षको सहुलियत अवधि सहित २० वर्ष भित्र तिर्ने गरी नगर विकास कोषवाट ऋण स्वरुप लिने निर्णय गरियो ।

**निर्णय नं.२ : परामर्शदातावाट पेश भएको विस्तृत प्रतिवेदन अनुमोदन एवं ग्रहण गर्ने सम्वन्धमा ।**

निर्णय नं १ मा प्रस्तावित आयोजनाको अध्ययनका लागि नियुक्त भएको GEOC Nepal (P.) Ltd. JV with Technocrat Consultancy परामर्शदाताले यस नगरपालिका समक्ष पेश गरेको प्रतिवेदन नगर विकास कोषमा मूल्याङ्कनका लागि पेश गरिएकोमा कोषवाट दिएका सुझावहरुलाई समावेश गरी उक्त संशोधित प्रतिवेदन स्विकृत गरियो । साथै नगर विकास कोषकातर्फबाट दिईएका सुझावहरुलाई निर्माण व्यवसायी (Contractor) संग गरिने सम्झौताका समयमा तथा परियोजनाको निर्माण चरणमा प्राविधिक दृष्टिकोण तथा निर्माण साईटको मागअनुसार लागु गर्न सहमती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : सेवाशुल्क सम्वन्धमा ।**

परामर्शदाताले पेश गरेको प्रस्तावित Strom Water Drainage & Road प्रयोग वापत मासिक महशुल दर/ सेवाशुल्क उपर नगर विकास कोषबाट गरिएको वित्तीय मूल्याङ्कनको सुझाव एवं यस नगर क्षेत्र भित्रका आयोजनावाट लाभान्वित उपभोक्ता एवं स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु संग भएको छलफलका आधारमा निम्नानुसारको महशुल दर / सेवाशुल्क कायमगर्ने निर्णय गरियो ।

| सि.नं. | क्षेत्रफल | मासिक दर Drainage | मासिक दर Road | जम्मा मासिक आम्दानी |
|---|---|---|---|---|
| १ | जमिन क्षेत्रफल ८०० स्क्वायर फिट सम्म | ५४ | ४२ | ९६ |
| २ | जमिन क्षेत्रफल ८०१ देखि १५०० स्क्वायर फिट सम्म | ६९ | ५८ | १२७ |
| ३ | जमिन क्षेत्रफल १५०१ देखि २५०० स्क्वायर फिट सम्म | ८१ | ७४ | १५५ |
| ४ | जमिन क्षेत्रफल २५०१ देखि ३५०० स्क्वायर फिट सम्म | ९३ | ९० | १८३ |
| ५ | जमिन क्षेत्रफल ३५०१ स्क्वायर फिट भन्दामाथि | १०२ | १०६ | २०८ |
| ६ | औषत | ९० | ९५ | १८५ |
| ७ | खालीजग्गा | | | ६५ |

उपरोक्त शुल्क उठाउने सम्बन्धमा नगरपालिकाले व्यवहारिकतालाई समेत ध्यान दिई सो शुल्क छुट्टै उठाउने वा एकीकृत सम्पति करमा समावेश गरि उठाउने विषय र शुल्कको दर हाल एउटा मात्र प्रस्तावित गरिएको भएता पनि नगरवासीहरुको आयस्तर वा एकीकृत सम्पति करका आधारमा माथि प्रस्तावित दर अनुसारले उठ्ने भन्दा कम नहुने गरी आयोजनाको कार्य ५० प्रतिशत् प्रगती हुनु अगावै कोष, सम्बन्धित निकाय, उपभोक्ता एवं सम्बन्धित बिशेषज्ञहरु संग समेत आवश्यक परामर्श एवं सहमतीमा लागु गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ४: ESCROW Account सम्वन्धमा**

नगर विकास कोषको ऋण सुरक्षण विधिका रुपमा प्रस्तावित ESCROW Account संचालन सम्वन्धमा नेपाल सरकार र नगर विकास कोषवीच भएको सहायक ऋण सम्झौता (Subsidiary Loan Agreement), तथा स्थानिय राजनीतिक दलका प्रतिनिधिहरुको सहमती समेतका आधारमा कोषलाई तिर्नुपर्ने ऋणको साँवाब्याज रकम भुक्तानी गर्नका लागि संवद्ध आयोजनाबाट प्राप्त हुने आम्दानी, नगरपालिकाले नेपाल सरकारवाट प्राप्तगर्ने अनुदान एवं अन्य बैकल्पिक श्रोतमा उक्त ESCROW Account लागु गर्ने व्यवस्थाका निम्ती सहमती दिने निर्णय गरियो ।

**निर्णय नं. ५ : अख्तियारी सम्वन्धमा**

एकीकृत सहरी बिकास आयोजना अन्तर्गत यस नगरपालिका क्षेत्रमा Improvement & Development of Strom Water Drainage & Urban Road Sub-project निर्माण/सुधारको लागि नगर बिकास कोष र यस नगरपालिकाबीच हुने ऋण सम्झौताको प्रस्तावित मस्यौदा उपर अध्ययन एवं छलफल गरि अनुमोदन गरियो ।
साथै परियोजना निर्माण एवं संचालनका लागि नगर विकास कोष र यस नगरपालिकाबीच ऋण सम्झौता गर्न यस नगरपालिकाका प्रमुख/कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतमलाई अख्तियारी दिने निर्णय गरियो ।

## मिति २०७१।८।१८ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

**निर्णय नं. १(एक)**

नेपाल सरकार र एशियाली बिकास बैंकको अनुदान तथा ऋण सहयोगमा संचालित एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाइ, सिद्धार्थनगरको Design Supervision Consultant (DSC) GOEC Nepal P. Ltd. Jv with Technocrat Consultant, Naya Baneshwar द्वारा तयार पारि पेश हुन आएको Sanitation Action Plan Nov 2014 स्वीकृत गरि उक्त Action Plan मा उल्लेख भएका कार्य योजना कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

नेपाल सरकार र एशियाली बिकास बैंकको अनुदान तथा ऋण सहयोगमा संचालित एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाइ, सिद्धार्थनगरको Design Supervision Consultant (DSC) GOEC Nepal P. Ltd. Jv with Technocrat Consultant, Naya Baneshwar द्वारा तयार पारि पेश हुन आएको Initial Environment Examination Report आयोजना समन्वय कार्यालय काठमाण्डौ मार्फत शहरी विकास मन्त्रालयमा स्वीकृतीका लागि पठाउने निणर्य गरियो ।

**निर्णय नं. ३(तीन)**

राष्ट्रिय भिटामिन "ए" तथा पोलियो अभियानमा खटिने महिला स्वास्थ्य स्वंम सेविकाहरुलाई साविकमा नगरपालिकाको निर्णय अनुसार रु १००।- (एक सय) का दरले दैनिक खाजा खर्च उपलब्ध गराई आएकोमा उक्त रकम लामो समय देखि यथावत रही आएको हुँदा वर्तमान अवस्थाको मुल्यवृद्धिलाई समेत ध्यानमा राखी अव उप्रान्त दैनिक रु २००।– (दुई सय) का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ४(चार)**

सिद्धार्थनगर नगरपालिकाले मिति २०७१।७।३० गते सार्वजनिक सुनुवाई सम्पन्न गरी सोको प्रतिवेदन भैरहवा मिडिया प्रा.लि. द्वारा मिति २०७१।८।१८ मा पेश भई जानकारी प्राप्त भयो । सो प्रतिवेदनमा समावेश भई आएका सुझावहरुलाई नगरपालिकाले बार्षिक नीति तथा कार्यक्रममा क्रमश: समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

स्थानीय स्वायत्त शासन नियमावली (संसोधित) २०६४ को नियम २२५(ख) मा भएको व्यवस्था बमोजिम पदपुर्ति समितिको मिति २०७१।७।१३ मा स्वत: बढुवा नियुक्तिका लागि सिफारिश भए अनुसार ऐ. ऐ. नियमको २२६ मा भएको व्यवस्था बमोजिम ३५ दिने सूचना प्रकाशित हुँदा कसैको उजुरी पर्न आएको नदेखिएकोले देहायका कर्मचारीहरुलाई बढुवा नियुक्ति दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | कार्यरत पद | बढुवा हुने पद |
|---|---|---|---|
| १. | श्रीराम गुप्ता | सहायक स्तर पाँचौ, ना.सु. प्रशासन | अधिकृत स्तर छैठौं (प्रशासन) शाखा अधिकृत |
| २. | कमला शेरचन | सहायक स्तर पाँचौ, टा. ना.सु. प्रशासन | अधिकृत स्तर छैठौं (प्रशासन) शाखा अधिकृत |
| ३. | दुश्यन्त कुमार थापा | सहायक स्तर पाँचौ, ना.सु. प्रशासन | अधिकृत स्तर छैठौं (प्रशासन) शाखा अधिकृत |



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np